# शहिद लखन गाउँपालिका

# व्यवसायिक कृषि उत्पादनका लागि जग्गा भाडा अनुदान उपलब्ध गराउने कार्यविधि

# २०७६

जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

शहिद लखन गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

घैरुङ्ग, गोरखा

# व्यवसायिक कृषि उत्पादनका लागि जग्गा भाडा अनुदान उपलब्ध गराउने कार्यविधि -२०७६

**प्रस्तावना:**

कृषि व्यवसायलाई आधुनिक व्यवसायिक र मर्यादित बनाउँदै देशको अर्थतन्त्रमा सुधार ल्याउनु आजको प्रमुख आवश्यकता रहेको छ । जग्गा हुने कृषकहरुले जग्गा बाँझो छोड्ने तथा नहुने कृषकले भाडामा लिई खेति गरिदै आएको अनेकौ उदाहरणहरु हाम्रो सामु छन् । तसर्थ त्यस्ता जग्गा भाडामा लिई खेति गर्ने शहिद लखन गाउँपालिका भित्रका कृषकहरुको प्रोत्साहनका लागि जग्गा भाडा अनुदान उपलब्ध गराउने कार्यविधि २०७६ लागु गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ

क) यस कार्यविधिको नाम व्यवसायिक कृषि उत्पादनको लागि जग्गा भाडा अनुदान उपलब्ध गराउने कार्यविधि २०७६ रहनेछ ।

ख) यो कार्यविधि शहिद लखन गाउँपालिका, गोरखाको गाउँ कार्यपालिकाको बैठकले स्वीकृत गरेपछि लागु हुनेछ ।

## परिच्छेद २
## परिभाषा

२. परिभाषा:

क) **गाउँपालिका** भन्नाले शहिद लखन गाउँपालिकालाई सम्झनु पर्दछ ।

ख) **भाडा** भन्नाले कृषक समूह, फर्म, सहकारीले जग्गाधनी संग सम्झौतामा उल्लेख भएको दर रकमलाई सम्झनु पर्दछ ।

ग) कृषक भन्नाले आफ्नो वा जग्गा भाडामा लिई खेति गर्ने व्यक्तिलाई सम्झनु पर्दछ ।

घ) **फर्म, समूह, सहकारी** भन्नाले विद्यमान नीति नियम अनुसार गाउँपालिकामा दर्ता भएको आधिकारिक संस्था सम्झनु पर्दछ ।

शहिद लखन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय थिङ, गोरखा २०७३

२०७६।०४।१९

जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद ३
## उद्देश्य

३. उद्देश्यः

- क) कृषक समूह, सहकारी, फर्मलाई कृषि पेशामा आकर्षण बढाउने ।
- ख) कृषकसँग स्थानीय सरकारसँगै रहेको अनुभूति गराउने ।
- ग) कृषि उत्पादन बढाई गाउँपालिको भित्र रोजगार स्थापना गराई आयस्तरमा बृद्धि गर्ने ।
- घ) स्वास्थ्य एवं गुणस्तरीय उत्पादन बृद्धि गर्ने ।

## परिच्छेद ४
## छनौट समिति

४. छनौट समिति

**छनौट समिति देहाय बमोजिम हुनेछ ।**

| | |
|---|---|
| क) प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| ख) प्रशासन शाखा प्रमुख | सदस्य |
| ग) योजना शाखा प्रमुख | सदस्य |
| घ) पशु सेवा शाखा प्रमुख | सदस्य |
| ङ) कृषि शाखा प्रमुख | सदस्य सचिव |

**५. छनौट समितिको काम, कर्तव्य र अधिकारः**

छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

- क) प्रकाशित सूचना अनुसार प्राप्त निवेदनका आधारमा लाभग्राहीको प्राथमिकीकरण गर्ने,
- ख) लाभग्राहीको छनौट गर्ने,
- ग) कार्यक्रम सम्झौता गरी कार्यान्वयनको चरणमा लैजाने
- घ) कार्यान्वयनको अवस्थामा र सम्पन्न पश्चात अनुगमन गर्ने

**६. कार्यक्रम छनौट तथा मूल्यांकनका आधारहरुः**

- (क) कार्यक्रम छनौट तथा मूल्यांकनका आधारहरु अनुसूचि - २ बमोजिम हुनेछ ।
- (ख) अनुदान प्राप्त गर्न योग्य हुन कम्तिमा ५० अंक हासिल गर्नुपर्नेछ ।

## परिच्छेद ५
## कार्यक्रम संचालन

७. भाडा उपलब्ध गराउन सकिने आधारहरु र सञ्चालन

- क) कृषक, समूह, सहकारी तथा फर्मले जग्गाधनीसँग नियमानुसार सम्झौता गरेको हुनुपर्ने,

जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

ख) सम्झौता गरिएको जग्गा कम्तिमा तरकारीको हकमा २ रोपनी, फलफूलको हकमा ५ रोपनी र आलाङ्कारिक तथा मसला बालीको हकमा १ रोपनी हुनुपर्ने,

ग) गाउँपालिकाले जग्गा भाडामा लिएको कृषकलाई भाडा उपलब्ध गराउन सार्वजनिक सूचना जारी गर्नेछ,

घ) सूचना अवधिमा जग्गा भाडामा लिएको कृषकले अनुसूचि १ बमोजिमको निवेदन र कागजातहरु पेश गर्नु पर्नेछ ।

ङ) रित पूर्वक आएका निवेदन दर्ता भइसकेपछि गाउँपालिकाबाट अनुगमन गरी जग्गाको प्रकृति, खेतिको प्रकृति हेरी बर्षिक सम्झौता भएको रकमको ३०% सम्म नियमानुसार कर कट्टी गरी भाडा अनुदान उपलब्ध गराउन सकिनेछ ।

## परिच्छेद ६
## विविध

८. **अनुगमन** : संचालित कार्यक्रमको अनुगमन, मूल्याङ्कन गाउँपालिका, वडा कार्यालय, कृषि विकास शाखाले गर्न सक्नेछ ।

९. **प्रचलित कानून बमोजिम हुने:** यस कार्यविधिमा लेखिएको विषयमा यसै कार्यविधि बमोजिम र नलेखिएको विषयमा प्रचलित कानुन बमोजिम हुनेछ ।

१०. **वाधा अड्काउ फुकाउ:** यो कार्यविधिको कार्यान्वयनमा कुनै वाधा अड्काउ आइपरेमा कृषि कार्यक्रम छनौट समितिले बाधा अड्काउ फुकाउन सक्नेछ ।

११. **संशोधन** : यो कार्यविधि आवश्यकता अनुसार गाउँ कार्यपालिकाले थप घट, हेरफेर वा संशोधन गर्न सक्नेछ ।

शहिद लखन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
थैहड, गोरखा
२०७३

जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूचि -१

## निवेदनको ढाँचा

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू, मितिः
शहिद लखन गाउँपालिका, गोरखा ।

बिषयः जग्गा भाडामा लिए बापतको रकम उपलब्ध गराइ पाऊँ ।

महोदय,

प्रस्तुत विषयमा यस शहिद लखन गाउँपालिकाको मिति ............/....../..... को सूचना बमोजिम जग्गा भाडामा लिने कृषिसँग सम्बन्धित संस्थालाई भाडा उपलब्ध गराउने कार्यक्रम अनुसार हाम्रा......................................ले मिति ............................देखि जग्गा भाडामा लिई खेति गरि रहेको हुनाले आवश्यक माग भई आएका कागजात यसै निवेदन साथ संलग्न गरी पेश गरेको छु/छौं ।

निवेदक

नामः

संस्थाः

दस्तखतः

संस्थाको छापः

संलग्न कागजातहरुः

क) जग्गा भाडामा लिएको लालपूर्जा प्रमाणपत्रको प्रतिलिपि,
ख) जग्गा भाडामा लिएको सम्झौताको प्रतिलिपि,
ग) संस्थाको निर्णयको प्रतिलिपि,
घ) भाडामा लिएको जग्गाको साँध सधियारहरुको सर्जमिन मुचुल्का,
ङ) जग्गा भाडामा लिने र दिनेको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
च) खेति गरेको बालीको संस्थाको व्यक्ति बसेर सम्भव भए वडा प्रतिनिधि र जेटीए समेतको उपस्थिति रहेको १ प्रति फोटो,
छ) वडा कार्यालयले गाउँपालिकालाई भाडा उपलब्ध गराउने सिफारिस,
ज) जग्गा धनीलाई भाडा तिरेको रसिद वा बिल भर्पाई,

शहिद लखन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
थैरड, गोरखा

# अनुसूचि - २
## (दफा ६ सँग सम्बन्धित)

| क्र.सं | कार्यक्रम छनौट तथा मूल्यांकनका आधारहरु | अंक |
|---|---|---|
| १. | भौतिक पूर्वाधार (सडक, सिंचाइ, बजार) | सुबिधा भएको ३०, मध्यम सुबिधा २० र सुबिधा नभएको १० |
| २ | भौगोलिक अनुकुलता (माटो,हावापानी,बाली) | उपयुक्त जग्गा लागि ३०, मध्यम लागि २० र नभएकाको लागि १० |
| ३ | कृषकको प्रविधिक क्षमता | तालिम प्राप्तका लागि २० र नभएका लागि १० |
| ४. | लक्षित बर्ग | सिमान्तकृत २०,दलित र जनजाती १५,अन्य १० |

मितिः२०७६।०५।१९ गतेको गाउँ कार्यपालिकाको बैठकबाट पारित भएको व्यहोरा प्रमाणित गर्दछु।

नामः जीवन बहादुर आले मगर

पदः प्रमुख प्रशासकीय अधिकृत

दस्तखतः

प्रमाणिकरण मितिः २०७६।०५।१९

जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

लखन गाउँपालिका
कार्यपालिकाको कार्यालय
गोरखा
२०७३